# गौरादह नगरपालिकाको विनियोजन ऐन, २०७८

गौरादह नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ,

नगरसभाबाट पारित मितिः२०७८\०३\२६

प्रस्तावनाः गौरादह नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम गौरादह नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "गौरादह नगरपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन सम्वत २०७८ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आर्थिक वर्ष" भन्नाले हरेक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको आषाढ मसान्तसम्मको अवधिलाई सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले गौरादह नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) "विनियोजन" भन्नाले सभाद्वारा विभिन्न कार्यहरुका लागि विभिन्न शीर्षकमा खर्च गर्न विनियोजन भएको रकम सम्झनु पर्छ ।

(घ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

(ङ) "सञ्चित कोष" भन्नाले गौरादह नगरपालिकाको सञ्चित कोष सम्झनु पर्छ ।

(च) "सभा" भन्नाले गौरादह नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(छ) "कार्यपालिका" भन्नाले गौरादह नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

३. आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः आर्थिक वर्ष २०७८/७९ को निमित्त नगर कार्यपालिकाको कार्यालयले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची–१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको जम्मा रकम रु ७१७९५४८१० (अक्षेरुपी एकहत्तर करोड उन्नासी लाख चौहत्र हजार आठ सय दस मात्रं) प्रस्तावित वार्षिक बजेट र स्विकृत वजेट कार्यक्रम संचालनका लागि अन्य जुन सुकै स्रोत बाट प्राप्त हुने वजेट कार्यक्रममा थप भई रकम प्राप्त भएमा नियमानुसार खर्च गर्न बाधा पर्ने छैन, निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

रोहितकुमार शाह
नगर प्रमुख

४. **विनियोजन:** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत सम्म कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ सो भन्दा बढी भए नगरसभाबाट स्वीकृति लिनु वा अनुमोदन गराउनुपर्ने छ।

(४) यस ऐन बमोजिमका कार्यक्रमका शिर्षकमा विनियोजित रकम खर्च नहुने अवस्थामा सोको आधार र कारण खोली त्यस्तो आधार र कारण पर्याप्त भएमा कार्यपालिकाले खर्च हुने अर्को शिर्षकमा त्यस्तो रकम रकमान्तर गर्न सक्नेछ तर त्यसरी रकमान्तर गर्ने गरी भएको निर्णयलाई सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

अनुसूचि– १

(दफा ३ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९(२) बमोजिम

सँचित कोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च रु. हजारमा | पूँजिगतखर्च रु. हजारमा | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | ४३३७३०.८१ | २८४२२४ | | ७१७९५४.८१ |
| जम्मा | | | ४३३७३०.८१ | २८४२२४ | | ७१७९५४.८१ |

रोहितकुमार शाह
नगर प्रमुख